# ५ परमेश्वरमा आस्थावान भएर धार्मिकताको मार्गमा चल्नेहरूले पाउने आशिषहरू

*यस अध्यायका मूल पदहरूः* हितोपदेश १०:१-१४, मत्ती १९:१९, हितोपदेश ११-१२, यूहन्ना ३:१६, हितोपदेश १३।

*यस अध्यायको मूल पदः* "जो मानिसहरूले ठीक काम गर्छ तिनीहरूले पाउनुपर्ने आशिष तिनीहरूको निम्ति श्रीपेचहरू जस्तै हो। तर पापीहरूले भनेका कुराहरूले खलबल ल्याउँछ र तिनीहरूलाई नास गर्छ।" हितोपदेश १०:६ रूपान्तरित।

धर्मी जनहरूले पाउने आशिषहरूको व्याख्या गरेको यस अध्यायको शिर्षकले आभास् दिन्छ। हिब्रू भाषामा धर्मी भन्ने शब्दलाई जाडिक-zaddiq भन्ने अर्थ छ। माथिका पदहरूका मूल शब्द नै त्यो हो। जेडिग-zedeq अर्थात् न्याय भन्ने शब्द पनि हितोपदेशको सम्पूर्ण पुस्तकको विषयप्रवेशमा देखापरेको छः "बुद्धि, न्याय (जेडिग)बाट पाउने शिक्षाको निम्ति सोलोमनका हितोपदेशहरू..." (हितोपदेश १:१-३)। बुद्धि हुनु भनेकै धर्मी हुनु हो भनेर हितोपदेशको पुस्तकले हामीलाई बताइरहेको छ। धर्मी हुनु भनेकै परमेश्वरको निर्देशन अनुसार चल्नु हो। यो यो पनि हो कि येशूले भन्नुभएको अनुसार विश्वास र आज्ञा मानेर चल्नु हो। धार्मिकता वा सही मार्गमा हिंड्ने गुण परमेश्वरबाट आउने बरदान हो। तर मूर्खता र विश्वासघात गर्नु भनेको त्यो भन्दा अत्यन्त फरक छ। ज्ञानबुद्धि आफै पनि न्यायी वा धार्मिकता हो। तर मूर्ख पाराले हिंड्नु पाप हो र दुष्टता हो। ज्ञानबुद्धिले सम्पन्न भएर चल्नु र मूर्खमा चल्नुमा अत्यन्त कडा भिन्नता के छ भनेर हामीले यस अध्यायमा नियाल्नेछौं।

## १ मानव जीवनको सम्पूर्ण पक्षहरूलाई समेट्ने धार्मिक वा उचित जीवन (हितोपदेश १०:१-७)

जीवन र परमेश्वरमाथि आस्थावान भएर चल्न कस्तो नीति हुनुपर्छ भनेर हितोपदेश १०:१-७ले कसरी बताउँछ? हेर्नुहोस्ः "बुद्धिमान्

**छोराले आफ्ना बाबुलाई खुशी तुल्याउँछ, तर मूर्ख छोराले आफ्नी आमालाई पिरोल्छ। २ अन्यायसँग कमाएको धनको केही मूल्य हुँदैन, तर धार्मिकताले मृत्युबाट छुटाउँछ। ३ परमप्रभुले धर्मीहरूलाई भोकै रहन दिनुहुन्न, तर उहाँले दुष्टको लालसालाई विफल पार्नुहुन्छ। ४ अल्छे हातहरूले मानिसलाई कङ्गाल तुल्याउँछन्, तर लगनशील हातहरूले सम्पत्ति आर्जन गर्छन्। ५ ग्रीष्म ऋतुमा अन्न जोहो गर्ने छोरो बुद्धिमान् हो, तर जो फसलको बेला सुत्छ त्यो बेइज्जत ल्याउने छोरो हो। ६ धर्मात्माको शिरमाथि आशिष्को मुकुट रहन्छ, तर दुष्टको मुखमा हिंसा छिपेको हुन्छ। ७ धर्मीको सम्झना गर्नु आशिष्मय हुनेछ, तर दुष्टको नाउँचाहिँ सड़ेर जानेछ।"**

एउटा मानिसको कथा छ। त्यसले आफ्नो खुट्टा राखेर बस्ने डुङ्गामा प्वाल पारे छ। डुङ्गामा भएका मानिसहरूले त्यो काम बन्द गर्न आग्रह गरे। "म बसेको ठाउँ मेरो हो। तिमीहरूसँग सरोकार छैन।" भनेर उसले ओठे जवाफ दियो। यस्तो खालको मूर्खतापूर्ण जवाफ प्रायजसो पापीहरूले आफ्ना नराम्रो कामलाई ठीक छ भनेर बहाना बनाउन बनाउँछन्। त्यस्तो मानिसले शायद यस्तो जवाफ दिन्छ, "यो मेरो जीवन हो। मेरो जीवनसँग तिम्रो के मतलब?" हामीले जे गर्छौं त्यसले अरूको र हामीहरूको अत्यन्त नजिकरहनेलाई कुनै न कुनै रूपमा असर पारिरहेका हुन्छौं। असल होस् वा खराब होस्, अरूको क्रियाकलापले असर नपर्ने को होला?

आत्मिक वा धार्मिक अर्थात् पवित्र जीवन र भौतिक वा शारीरिक जीवनको बीचमा कस्तो एकता हुन्छ भन्ने नीति पद ३-५मा छलफल गरिएको छ। दुष्ट मानिसहरू जतिसुकै धनी नै भएतापनि उसले दुष्टताको मोल चुकाउनु पर्छ भन्ने मूल तर्क त्यसले व्यक्त गर्दछ। चाहे धनी होस् चाहे गरीब होस्, धर्मी र उचित जीवन बिताउनु फलदायी हुन्छ भन्ने दोस्रो तर्क हो। पद ६ र ७ले येशूले कामबासनाले लिप्त हुनुभनेको के हो र कसैमाथि घृणा गर्नु नै हत्या हो भनेको कुराको प्रतिबिम्बित गर्छ। हामी जतिसुकै मिठो बोली बोले पनि यदि हामीहरूको भित्री हृदयमा ईष, राग, द्वेष वा घृणालाई लुकाइ राखे

हामीलाई फाइदा हुँदैन। हामीहरूको बोलीचाली र आवाजले हामीहरूले खेलाइराखेको दुष्ट सोचहरूलाई भन्डाफोर गर्छ। पारस्परिक सम्बन्ध सुमधुर राख्ने नीति नै "तिम्रो छिमेकीलाई आफू जस्तै माया गर" उचित छ (लैब्य १९:१८ र मत्ती १९:१९ रूपान्तरित)। तपाईंले दिने असल छापले अरूको जीवनमा सकारात्मक प्रभाव पार्छ भन्ने ती पदहरूले सिकाउन खोजेको छ। तपाईंको प्रभावले अरूहरूको जीवनलाई पनि राम्रो असर पार्न सक्छ। अन्तमा के खराब नाउँ भन्दा असल नाउँ हुनु उत्तम छैन त?

तपाईंले छिट्टै के महत्त्वपूर्ण निर्णय गर्न गइरहनुभएको छ? यदि तपाईंले गर्नुभएको छैन भने तपाईंले जे गर्नुहुनेछ त्यसले अरूलाई कस्तो असर पार्छ भन्ने कुरामा सोच्नु होस्। त्यो असल होस् वा खराब होस्।

## २. पवित्र वा धर्मी जनको मुख (हितोपदेश १०:११-१४)

मानिसको अङ्गहरूमा मुख जहाँबाट हामीहरूको बोली फुट्छ, त्यो शरीरको सबभन्दा महत्वपूर्ण अङ्ग भएको हितोपदेशको पुस्तकले प्रस्तुत गरेको पाइन्छ। मुख भन्दा जिब्रो र ओठहरूको संमिश्रण भएको अङ्ग हो। अङ्ग्रेजी भाषाको नयाँ किन्गस् संस्करण बाइबलमा “मुख" भन्ने शब्द ५० पल्ट प्रयोग गरिएको छ, "ओठहरू" ४१ पल्ट र "जिब्रो" १९ पल्ट। भित्री हृदयमा भएका कुराहरू बोलीबाट निकाल्ने अङ्गलाई हितोपदेश १०-१९ अध्यायको निम्ति अत्यन्त महत्त्वपूर्ण विषयवस्तु भएको पाउँछौ।

हामीले जान्नुपर्ने आधारभूत मूल विषय त यो होः हामीहरूका वचनहरू अत्यन्त शक्तिशाली हुन्छन्, कि त असलको निम्ति कि त दुष्टयाईंको निम्ति। परमेश्वरले दिनुभएको सबै बरदानहरूमा हामीहरूको जीब्रो कि त सर्बोकृष्ट बरदान कि त सब भन्दा खराब बरदानमा हामीले परिणत गर्न सक्छौं। हामीले जिब्रोलाई बुझ्नुपर्ने विषयवस्तुलाई हितोपदेशको पुस्तकले एउटा अत्यन्त उत्कृष्ठ पाठ वा शिक्षाको रूपमा हाम्रो अगाढि तेर्स्याइदिएको छ। मुखबाट फुट्ने बोलीले मानिसलाई जीवन दिन सक्छ तर यसले मृत्युलाई पनि निम्त्याउन सक्छ।

धर्मी, सही बाटोमा हिँड्न चाहने र अरूलाई पनि हिँडाउन चाहने मानिसको बोली र मूर्ख वा बिना सोच जथाभावी बोल्नेको बोलीमा आकाश जमिनको फरक भएको हितोपदेश १०:११-१४ले कसरी बताउँछ?, हेर्नुहोस्: "द्वेषपूर्ण वा अरूलाई बिगार्न खोज्ने आँखा झिम्क्याउनेले शोक ल्याउँछ, अनि बकबके मूर्ख सर्वनाशमा पुग्छ। ११ धर्मात्माको मुख जीवनको फोहरा हो, तर दुष्टको मुखमा हिंसा लुकेको हुन्छ। १२ घृणाले कलह उत्पन्न गराउँछ,

तर प्रेमले सबै कुकर्महरू ढाकिदिन्छ १३ विवेकशील मानिसहरूका ओठमा बुद्धिको कुरा पाइन्छ, तर लट्ठीचाहिँ समझ नभएको मानिसको लागि हो। १४ बुद्धिमान् मानिसले ज्ञान सञ्चय गर्छ, तर मूर्खको मुखले सर्वनाश निम्त्याउँछ।"

मुखलाई "जीवनको मुहान वा फोहरा" भनेर शब्दचित्रद्वारा ११ पदमा वर्णन गरिएको अत्यन्त सान्दर्भिक छ। मुखलाई इनार, मुहान वा फोहरा वा झर्ना नै किन नहोस् प्रतिकको रूपमा प्रस्तुत गरेको अर्थ मानिसलाई चाहिने बुद्धिज्ञानको लवज आउने थलो भएको देखाउँछ। जीवन सृष्टिकर्ता परमेश्वरलाई पनि ज्ञानको मुहान वा इनार भनेर भजन ३६:९ले बताउँछ। इजिएलले पवित्र मन्दिरको बारेमा वर्णन गर्नुपर्दा त्यो ठाउँ पानीको खोला बग्ने ठाउँ हो भनेका छन् (इजिएल ४७:१,२)। पवित्र आत्माको बरदानलाई औंल्याउनुपर्दा येशूले पनि मुहानको प्रतिकलाई प्रयोग गर्नुभएको थियो (यूहन्ना ४:१४)। निचोडमा, जब धर्मीको मुखलाई "जीवनको मुहान वा इनार"सँग तुलना गरिएको छ भन्नुपर्दा त्यसले परमेश्वर आफैलाई नै औंल्याएको देखिन्छ।

मुखको गरिमामयलाई औंल्याउनुको अर्थ यसले दिने "जीवन"को बरदान हो। मुखको कर्तव्यको के हो भनेर पनि त्यसले हामीलाई बताएको हुनुपर्छ। मुख खराबको निम्ति होइन, असलको निम्ति सृजिएको हो। यसले जीवन दिनुपर्छ मृत्यु होइन। याकूब ३:२-१२मा पनि येशूका चेला याकूबले त्यही कुरालाई समर्थन गरेर लेखेका छन्।

परमेश्वरले आफ्नो बोलीद्वारा, आफ्नो वचनको शक्तिले स्वर्ग र पृथ्वी  सृष्टि गर्नुभएको थियो (हिब्रू १:३)। तसर्थ, हामीहरूको बोली केवल सृजनात्मक हुनुपर्छ र अरूको सेवा गर्ने सकारात्मक उद्देष्य लिएर हामीहरूले हामीहरूको मुख फुटाउनु पर्छ।

वचन वा बोली कत्तिको प्रभावकारी हुन्छ सो को बारेमा सोच्नुहोस्। तपाईंको बोलीले मानिसहरूको जीवनमा विश्वास, आत्मविश्वास र आशा भर्न सकिन्छ। त्यसले मानिसलाई हँसिलो र स्फुर्ति प्रदान गर्न सक्छ। तर बोलीले नै मानिसहरूको जीवनलाई क्षतविक्षत पार्न सक्छ। शारीरिक आक्रमण भन्दा बोलीको आक्रमण चर्को हुन्छ। त्यसकारण तपाईंले आफ्नो जिब्रो खोल्नुभन्दा पहिले तपाईंको बोलीले अरूमाथि कस्तो प्रभाव पार्न चाहनुहुन्छ त्यसमा तपाईं सतर्क हुन किन जरुरी छ?

## ३. धर्मीहरूको आशा (हितोपदेश ११)

"जो मानिस जे ठीक छ त्यही अनुसार चल्नेहरूलाई तिनीहरूको इमान्दारी जीवनबाट नै अगुवाइ गरिरहेको हुन्छ। तर विश्वासघाती वा बेइमानसँग चल्नेहरू आफूले नै रचेका छलकपटहरूद्वारा नाश हुनेछन्।" हितोपदेश ११:३ रूपान्तरित। यो पद कतिको सत्य छ भनेर देखाउन तपाईंसँग केही प्रमाण छ? त्यस पदमा बिछाएका अध्यात्मिक सत्य ज्ञान सत्य साबित भएका उदाहरणहरू के तपाईंले सुन्नु भएको छ वा देख्नु भएको छ? फेरि तपाईंले यो पदमा खुला गरिएको आत्मिक ज्ञान सिक्न वा स्वीकार गर्न तपाईंमा परमेश्वरमाथिको विश्वास अपरिहार्य छ भनेर कसरी आत्मसात् गर्ने?

हितोपदेश ११ अध्यायमा धेरै विषयबस्तुहरूलाई छोएका छन्। तर तिनीहरूमा परमेश्वरमाथि निष्ठावान र आस्थावान भएर चल्ने, इमान्दारी जीवन बिताउने मानिसले पाउने केही बढा आशिषहरू यस अध्यायमा हामी पाउँछौं। साथै दुष्ट तथा खराब नियतले चल्ने मानिसहरूको गति के हुन्छ त्यो पनि यही अध्यायमा हामी पाउँछौं। हेरौंः "१ छलको तराजूलाई परमप्रभु घृणा गर्नुहुन्छ,

तर ठीक तौलदेखि उहाँ प्रसन्‍न हुनुहुन्छ। २ जब अहङ्कार आउँछ, तब अपमान पनि आइलाग्छ, तर नम्रताले बुद्धि ल्याउँछ।३ ईमानदारी नै सोझाहरूको पथ-प्रदर्शक हो, तर विश्‍वासघातीहरू आफ्नै कपटले नष्‍ट हुन्छन्। ४ क्रोधको दिनमा धन-सम्पत्ति केही मोलको हुँदैन, तर धार्मिकताले मृत्युबाट छुटाउँछ। ५ निर्दोषहरूको धार्मिकताले तिनीहरूको बाटो सोझो हुन्छ, तर दुष्‍टहरूको आफ्नै दुष्‍टताले गर्दा तिनीहरू होच्याइन्छन्। ६ सोझाहरूको धार्मिकताले तिनीहरूलाई छुटाउँछ, तर अविश्‍वासीहरू खराब अभिलाषाहरूको कारण पासोमा पर्छन्। ७ जब दुष्‍ट मानिस मर्छ, त्यसको आशा पनि नष्‍ट हुन्छ, आफ्नो सामर्थ्यमा त्यसले इच्छा गरेका सबै कुराहरू निरर्थक हुन्छन्। ८ धर्मी मानिस सङ्कष्‍टबाट बचाइन्छ, अनि त्यसको साटो दुष्‍टमाथि नै त्यो आइपर्छ। ९ ईश्‍वरहीनको आफ्नै मुखले आफ्नो छिमेकीको बरबादी गर्छ, तर ज्ञानले धर्मीलाई छुटकारा मिल्छ। १० जब धर्मीको उन्‍नति हुन्छ, तब सहरै आनन्दित हुन्छ। जब दुष्‍टको नाश हुन्छ, तब रमाहट हुन्छ।

११ धर्मात्माको आशीर्वादले सहरको उन्‍नति हुन्छ, तर दुष्‍टहरूको मुखले त्यसको भताभुङ्ग हुन्छ। १२ बुद्धि वा समझ नभएको मानिसले आफ्नो छिमेकीको खिल्ली उड़ाउँछ, तर समझदार मानिसले आफ्नो जिब्रोमा लगाम लगाउँछ। १३ कुरौटेले गोप्य भरोसामा आघात पुर्‍याउँछ, तर विश्‍वसनीय मानिसले कुरा गुप्तमै राख्छ। १४ पथप्रदर्शनको अभावले देशको पतन हुन्छ,

तर धेरै सल्लाहकारहरूको कारण विजय निश्‍चित हुन्छ। १५ अरूहरूको जमानी बस्नेले निश्‍चय नै नोक्सानी भोग्नुपर्नेछ, तर अर्काको नासोमा हात हाल्न इन्कार गर्ने व्यक्ति सुरक्षित रहनेछ। १६ दयालु स्त्रीले आदर पाउँछिन्, तर निर्दयी मानिसले केवल सम्पत्ति कमाउँछ। १७ दयालु हुनाले मानिसको आफ्नै हित हुन्छ, तर निर्दयी मानिसले आफैमाथि सङ्कष्‍ट ल्याउँछ।

१८ दुष्‍ट मानिसले ठगाइको ज्याला कमाउँछ, तर जसले धार्मिकता छर्छ, उसले निश्‍चित इनाम कटनी गर्छ। १९ साँच्चैको

धार्मिक मानिसले जीवन पाउँछ, तर दुष्टताको पछि लाग्ने मानिस मृत्युमा पर्छ। २० कुटिल हृदय भएको मानिसलाई परमप्रभु घृणा गर्नुहुन्छ, तर तिनीहरूसँग उहाँ प्रसन्न हुनुहुन्छ, जसका चालहरू निर्दोष छन्। २१यो कुरा निश्चित छः दुष्टहरू दण्डविना उम्कनेछैनन्, तर धर्मीहरूले छुटकारा पाउनेछन्। २२सुँगुरको नाकमा सुनको नत्थ भएझैं एक विवेकहीन सुन्दरी स्त्री पनि हो। २३

धर्मात्माको इच्छाको अन्त्य केवल असलै हुन्छ, तर दुष्टका आशाको अन्त केवल क्रोधमा हुन्छ। २४ कोही मानिसले उदार हातले दिन्छ र अझ बढ़ी पाउँछ, अर्कोले दिन सक्ने पनि दिँदैन, र दरिद्रतामा पर्छ। २५ उदार मानिसको फलिफाप हुन्छ, अरूलाई उत्साह दिने व्यक्तिले आफू पनि नयाँ उत्साह प्राप्त गर्नेछ। २६अन्न लुकाएर भण्डार भर्नेलाई मानिसहरूले सराप्छन्, तर स्वेच्छाले बिक्री गर्ने व्यक्ति आशिष्‌ले भरपूर हुनेछ। २७जसले भलाइको खोजी गर्छ, उसले सद्भाव पाउँछ, तर खराबीको खोजी गर्नेमाथि खराबी नै आइलाग्छ। २८ जसले आफ्नो सम्पत्तिमा भरोसा राख्छ, त्यसको पतन हुनेछ, तर धर्मीचाहिँ हरियो पातझैं मौलाउनेछ। २९ आफ्नो सन्तानमाथि सङ्कष्ट ल्याउनेको भाग बतास मात्रै हुनेछ, र मूर्खचाहिँ बुद्धिमान्‌को सेवक हुनेछ। ३० धर्मात्माको फल जीवनको रूख हो, अनि जसले मानिसहरू उद्धारमा ल्याउँछ, त्यो बुद्धिमान् हो। ३१ यदि धर्मीहरूले पृथ्वीमा आफ्नो प्रतिफल पाउँछन् भने, ईश्वरहीन र पापीहरूले झन् कति बढ़ी पाउलान्?"

धर्मी, इमान्दारी र परमेश्वरमाथिको निष्ठामा अटल भएर बस्ने मानिसहरूले स्वर्गमा पाउने इनामको बारेमा सजग भएर चलिरहेका हुन्छन् (२ कोरन्थी ४:१८)। स्वर्गलाई ख्यालमा राखेर चल्दा तिनीहरूमा इमान्दारी र उचित जीवन बिताउन प्रेरणा हुन्छ। भविष्यको आशामा हिँड्ने भएकोले धर्मी तथा इमान्दारी मानिसहरूको जीवन नम्र, इमान्दार वा वचनबद्ध र दयालु हुन्छ।

तर दुष्ट मानिसहरू वा खराब नियत बोकेर चल्नेहरू केवल बर्तमान जीवनको निम्तिमात्रै बाँच्दछन्। अहिले आँखाले जे देखे

त्यसप्रतिमात्र तिनीहरूको आँखा हुन्छ। यस संसारमा पाउने भाऊ, सम्मान लाभको निम्ति तिनीहरू लिप्ट हुन्छन्। तिनीहरूको जीवनको प्रतिष्ठा वा प्राथमिकता भनेकै तिनीहरू आफैमात्र हुन्। तिनीहरूमा भएको स्वार्थपूर्तिको निम्ति तिनीहरूले फताहा कुरा पनि बोल्छन्, त्यतिमात्र होइन अरूप्रति शोषण वा दुर्व्यहार गरेर भएपनि आफ्नो अभिलाषा पूरा गर्छन्। तिनीहरूको अरूको मोलमा आफूलाई ठूलो बनाउँछन् वा लाभ उठाउँछन्। उदाहरणमा ब्यापारीले आफ्नो सामना बिकाउन आफ्नो सामानको अनेकौं प्रशंसा गरेर किन्न मानिसबाट भारी पैसा लिएर उसलाई झट्ट छकाउन सक्लान्। तर उपभोक्ता वा किन्ने मानिसले उसको कर्तुस थाहा पायो भने त्यो ब्यापारीसँग उसले फेरि कारोबार गर्दैन जसले गर्दा उसले किन्न मानिसमात्र गुमाउँदैन आफ्नो ब्यापार पनि धरासयी हुन सक्छ (हितोपदेश ११:३,१८)।

हामीहरू निर्णय नै निर्णयको जीवन बिताउँछौं। तपाईंले गर्नुपर्ने केही निर्णयको बारेमा सोच्नुहोस् र त्यसलाई कसरी पूरा गर्ने सो पनि सोच्नुहोस्। तपाईंको निर्णयले तपाईंको अनन्त जीवन वा योजनालाई कसरी असर पार्छ के तपाईंले सोच्न भ्याउनु हुन्छ?

## ४. धर्मी वा इमान्दारी मानिसको सत्य चाला (हितोपदेश १२)

**फताहा कुरा गर्नु र सत्य वोली बोल्नु बिषयवस्तु लिएर हितोपदेश १२ लेखिएको छ। त्यो ध्यानपूर्वक पढेर, इमान्दार हुने र बेइमान वा झुठो बोलेर ताल्न खोज्ने व्यक्तिको बारेमा हामीलाई के सन्देश दिइएको छ? हेर्नुहोस्: "१ ताड़ना वा अनुशासनलाई प्रेम गर्नेले ज्ञानलाई प्रेम गर्छ, तर सुधारलाई घृणा गर्ने व्यक्ति अबूझ हो। २ असल मानिसले परमप्रभुको निगाह प्राप्त गर्छ, तर धूर्तलाई चाहिँ परमप्रभुले दोषी ठहराउनुहुनेछ। ३ दुष्टताले मानिस स्थापित हुन सक्दैन, तर धर्मीको जरा भने उखेल्न सकिनेछैन। ४ चरित्रवान् पत्नी आफ्ना पतिको मुकुट हो, तर अपमान ल्याउने पत्नीचाहिँ तिनका हड्डी सड़ेको जस्तै हो। ५ धर्मीका योजनाहरू न्यायसङ्गत हुन्छन्, तर दुष्टका सल्लाहहरू छलपूर्ण हुन्छन्। ६ दुष्टको वचनले कसैको रगत बहाउन ढुकिरहन्छ, तर धर्मीको वचनले तिनीहरूलाई छुटकारा दिन्छ। ७ दुष्ट**

मानिसहरू फालिन्छन् र तिनीहरू रहनेछैनन्, तर धर्मीको घर दृढ़तासाथ खड़ा रहन्छ। ८ मानिसलाई त्यसको बुद्धिअनुसार प्रशंसा गरिन्छ, तर बाङ्गो-टेढ़ो मन भएको मानिस तुच्छ ठहरिन्छ। ९ आफू प्रतिष्ठित व्यक्ति भइटोपलेर आहार नै नहुनुभन्दा, आफू केही नभएर पनि आफ्नो एउटा सेवक हुनु बेस हो १० धर्मी मानिसले आफ्नो पशुको वास्ता गर्छ, तर दुष्टको सबैभन्दा दयालु काम पनि निर्दयी हुन्छ। ११ आफ्नो खेतबारी खनजोत गर्नेको प्रशस्त खानेकुरा हुन्छ, तर कल्पनाका पछि लाग्ने विनासमझको हुन्छ। १२ दुष्टले खराब मानिसहरूले लुटेको सामानको अभिलाषा गर्छ, तर धर्मीचाहिँ जरा गाड़ेर बस्छ। १३ खराब मानिस आफ्नै पापी कुराले पासोमा पर्छ, तर धर्मी मानिस सङ्कष्टबाट उम्कन्छ। १४ मानिस आफ्ना ओठको फलद्वारा नै असल थोकहरूले परिपूर्ण हुन्छ, आफ्नो हातका कामको इनाम त्यसले निश्चय नै पाउनेछ। १५ मूर्खको बाटो आफ्नो नजरमा ठीकै देखिन्छ, तर समझदार मानिसले अरूको सल्लाह सुन्छ। १६ मूर्खले आफ्नो रीस झट्टै पोखाउँछ, तर एक विवेकी मानिसले आफू अपमानित हुँदा, आँखा चिम्लिदिन्छ। १७ एक सत्यवादी साक्षीले ईमानदार गवाही दिन्छ, तर झूटो साक्षीले झूटो कुरा बोल्छ। १८ असावधान वचनले मानिसलाई तरवारले झैं घोच्छ, तर बुद्धिमान्को बोलीले निको पार्छ। १९ सत्य बोल्ने ओठ सधैं स्थिर रहन्छन्, तर झूट बोल्ने जिब्रो केही क्षण मात्रै टिक्छ। २० खराब युक्ति रच्नेहरूको हृदय छली हुन्छ, तर शान्तिको बढ़ौती गर्नेलाई रमाहट हुन्छ। २१ धर्मीमाथि हानि आइपर्दैन, तर दुष्टहरू दुःख-कष्टले भरिएका हुन्छन्। २२ परमप्रभु झूटा ओठलाई घिनाउनुहुन्छ, तर उहाँ सत्यवादी मानिससँग प्रसन्न हुनुहुन्छ। २३ एक समझदार मानिसले आफ्नो ज्ञान आफूसँगै राख्छ, तर मूर्खको हृदयले आफ्नो मूर्खता झ्वाट्टै प्रकट गर्छ। २४ लगनशील हातले शासन गर्नेछ, तर आलस्यको अन्त्यचाहिँ कमारोपन हो। २५ चिन्तित हृदयले मानिसलाई कमजोर तुल्याउँछ, तर दयालु वचनले त्यसलाई हर्षित तुल्याउँछ। २६ धर्मी मानिस आफ्नो मित्रतामा सचेत रहन्छ, तर दुष्टको बाटोले तिनीहरूलाई बरालिदिन्छ। २७ अल्छे शिकारीले शिकार फेला पार्दैन, तर लगनशील मानिसले धन-

**सम्पत्ति पाउँछ। २८ धार्मिकताको मार्गमा जीवन हुन्छ, त्यस मार्गको सँगसँगै अमरत्व छ।"**

सिसिला बक भन्ने एकजना दर्शनशास्त्रीले फटाहा कुरा गर्दा अरूलाई कस्तो चोट पुऱ्याँछ भनेर यसरी लेख्छिन्: "जुन समाजमा कोही मानिसहरू सत्य सन्देश र झुठको बीचमा भिन्नता देख्दैन, त्यो समाज टुक्रिएर भताभुङ्ग हुन्छ।" मोरल च्याइस इन पब्लिक एण्ड प्राइभेट लाइफ (न्यु योर्क: पान्थियन बुक्स, १९७८), पृ. १९बाट रूपान्तरित। ई.सन् ३५४मा जन्मेका प्रशिद्ध इसाई चिन्तक अगस्टिनलाई उदृध गर्दै त्यही पुस्तकमा लेखिएको छः "जब सत्याई टुक्रा टुक्रा पार्छ वा अलिकति भएपनि कमजोर पार्छ तब सबैकुराहरू शङ्कास्पद रहन जान्छ।"-पृ. १५बाट रूपान्तरित।

त्यही सन्दर्भमा एलेन जी ह्वाइट लेख्छिन्: "फटाहा बोली येशूको निम्ति घिनलाग्दो हुन्छ। पवित्र शहरको (येशूको तेस्रो आगमनमा स्वर्गबाट ओर्ल्हने पवित्र शहर) बारेमा चर्चा गर्दै उहाँले भन्नुभयो "जो पाप गर्छ वा फटाहा कुरा गर्छ त्यो मानिस त्यस शहरमा पस्न सक्ने छैन।" सत्यलाई झुठमुठले कसैले नबुनोस्। सत्यलाई जीवनको एक भाग बनाउनु होस्। फतफत बोल्ने र सत्यलाई गुमाउने, र आफ्नो स्वार्थ पूरा गर्न फटाहा कुरा गर्ने मानिसले परमेश्वरमाथिको आफ्नो आस्थाको जहाज चक्नाचुर पार्छ। जसले फटाहा कुरा गर्छ त्यसले आफ्नो आत्मालाई सस्तो बजारमा बेचेको हुन्छ। आपतकालमा उसको झुठो व्यवहारले केही फाइदा त होला। इमान्दार र उचित कारोबारबाट उसले व्यापार नगरि झुठमुठ ओढाएर ब्यापार गर्दा उसलाई केही फाइदा त होला। तर फटाहा कुरा गरेर सम्पन्न हुन खोज्ने मानिस आफै त्यस स्थितिमा पुग्न सक्छ जसले आखिरमा कसैलाई पनि विश्वास गर्न नसक्ने हुन्छ। आफै झुठो बोल्ने बानी भएकोले उसले कसैको वचनलाई विश्वास गर्न सक्दैन।"-माइ लाइफ टुडे, पृ.३३१बाट रूपान्तरित।

बोली वचनहरू कतिको प्रभावकारी तथा शक्तिशाली हुन्छ भनेर हामीले सोच्दा झुठो कुरा पनि कस्तो प्रभावकारी हुन्छ भन्ने कुरामा हामी

सोच्नुपर्छ। प्रायजसो फटाहा कुराहरू बोलीबाट नै फुटेको हुन्छ। फटाहाको बोलीले नघोच्ने, धोका पाउने र ठगेको अनुभव कसले गरेको छैन होला? त्यस्तो समाज जहाँ इमान्दारभन्दा झुठ बोल्नु साधारण हुन्छ त्यो समाज भताभुङ्ग भएर कसरी खस्छ भन्ने कुरामा अनुमान गर्न त्यस्तो कठिन छैन।

फेरि अर्को कुरा पनि सोचौं: झुठो बोल्ने मानिस आफैलाई कस्तो असर पार्छ सो सोचनिय कुरो हो। कतिपय मानिसहरू फटाहा कुरा गर्न यस्तो खप्पिस भइसकेको हुन्छ कि फत्याइँ कुरा उसको संस्कार नै बन्न गएको हुन्छ। फताहा कुरा गर्नु उसले केही समस्या देख्दैन। तर धेरै जसो फटाहा कुरा गरेपछि कहिलेकाहिँ बेकारमा बोलेको जस्तो तिनीहरूले अनुभव गर्छन्, शर्म र अपराध गरेको जस्तो तिनीहरूलाई लाग्न सक्छ। त्यो तिनीहरूको लागि राम्रो कुरा हो किनभने पवित्र आत्माले तिनीहरूको जीवनमा घचघाइरहेको त्यसले देखाउँछ।

तर फटाहा कुरा गर्ने बानी भएको मानिसले फटाहा कुरा गर्दा त्यसको बारेमा अलिकति पनि नसोच्ने मानिसले भोग्नुपर्ने खतराको बारेमा सोच्नुहोस्।

**पछिल्लो पटक तपाईंले कहिले फटाहा कुरा गर्नुभयो? जानी नजानी फटाहा कुरा गर्दा तपाईंलाई कस्तो लाग्यो?**

## ५. धर्मी वा परमेश्वरको नीतिमा हिँड्ने मानिसले पाइने इनाम ( यूहन्ना ३:१६)

हितोपदेशको पुस्तकको एक विशेषता छ। प्रायजसो दुई किसिमको मानिसहरूको बीचमा तिखो भिन्नता देखाएर हामीलाई अर्ति र शिक्षा दिन प्रयास गरेको पाउँछौं। “बुद्धिमानी वा ज्ञानी मानिसले यो गर्छ तर मूर्खले त्यो गर्छ।", परमेश्वरको चालामा चल्ने मानिसले यो गर्छ तर दुष्टले त्यो गर्छ।" भन्ने भनाइहरू राखेर प्रत्येक मानिसको हृदय हितोपदेशको पुस्तकले खोतल्न खोजेको पाइन्छ।

येशू ख्रीष्टमा बाहेक हामी सबैमा केही न केही बुद्धि र मूर्खता भएको हुन्छ। तर उहाँ बाहेक हामी सबै जना पापी हौं। समग्र मानव

प्राणी परमेश्वरको महिमारहित भएका छौं (रोमी ३:२३)। तर त्यस पदपछि अर्को पद छ जसमा हामीलाई अचम्मको प्रतिज्ञा दिइएको छः हामी पापी हौं तर "परमेश्वरले दिइने अनुग्रहको सित्तैं बरदानले हामी सबै उहाँको अघि ठीक वा सज्जन हुन सक्छौं। हामी सबैलाई मुक्ति दिन वा पापको बन्धनबाट छुट्कारा दिन येशू ख्रीष्टले मोल तिरी दिनुभयो।" (रोमी ३:२४ रूपान्तरित)।

अन्तमा सबै मानिसहरू दुई समूहहरूमा एक समूहमा सम्मिलित हुनै पर्नेछ। त्यहाँ मध्यममार्गी भन्ने हुनेछैन। ती दुई समूहमा ती मानिसहरू जसले अमरत्व पाएर परमेश्वरको राज्यमा बस्छन वा दुष्टको स्वादमा रमाइलो मानेर बस्नेहरूले गुमाउनु पर्ने अनन्त जीवन।

दुईवटा बाटोहरूमा एउटा बाटो रोज्नेको बिकल्प कसैलाई हुँदैन, त्यसकारण प्रत्येक मानिसले कुन बाटो अपनाउने सो निर्णय अहिले नै गर्नुपर्छ र आनकानी गर्ने बाटो हुँदैन भनेर यूहन्ना ३:१६ले कसरी बताउँछ?, हेर्नुहोस्ः "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।"

धर्मीको भविष्य र दुष्टको भविष्यको बीचमा के अन्तर छ र तिनीहरूले गर्ने अनुभवमा कस्तो भिन्नता हुन्छ भनेर हितोपदेश १३ले वर्णन गरेको पढ्नुहोस्ः "१ बुद्धिमान् छोराले आफ्ना बाबुको अर्तीमा ध्यान दिन्छ, तर खिल्ली उड़ाउनेले हप्की सुन्दैन। २ मानिस आफ्ना ओठको फलद्वारा नै असल थोकहरूको भोग गर्दछ। तर बेईमानले हिंसाको लालसा गर्दछ। ३ आफ्ना ओठको रखवाली गर्नेले आफ्नै जीवन सुरक्षित पार्छ। तर असावधान बोलीले सर्वनाश ल्याउनेछ। ४ अल्छेले लालसा गर्छ र त्यसलाई केही पनि मिल्दैन, तर लगनशीलका इच्छाहरू पर्याप्त रूपले पूरा गरिन्छ। ५ धर्मीले झूटलाई घृणा गर्दछ,
तर दुष्टले लाज र बेइज्जत ल्याउँछ। ६ ईमानदार मानिसलाई धार्मिकताले सुरक्षा गर्छ, तर दुष्टताले पापीको संहार गर्छ। ७ कोही मानिस धनी भइटोपल्छ, तापनि त्यससँग केही हुँदैन, कोहीचाहिँ कङ्गाली भइटोपल्छ, तापनि त्यससँग प्रशस्तै सम्पत्ति हुन्छ। ८ सम्पत्तिले

मानिसको जीवन शत्रुबाट छुटाउन सक्ला, तर गरीब मानिसले धम्की सुन्नुपर्दैन। ९ धर्मी मानिसको बत्ती चहकिलो भएर बल्छ, तर दुष्टको बत्ती निभाइन्छ। १० घमण्डले केवल झगड़ा पोस्दछ, तर सरसल्लाह लिनेहरूमा बुद्धि पाइन्छ। ११ बेईमानीसँग कमाइएको धन घट्दैजान्छ, तर अलि-अलि गर्दै जम्मा गरेको धन बढ्दैजान्छ। १२ आशा विलम्ब हुँदा मन मर्छ, तर इच्छा पूरा हुनु जीवनको रूख हो। १३ अर्तीलाई तिरस्कार गर्नेले त्यसको मूल्य चुकाउनुपर्नेछ, तर आज्ञालाई आदर गर्नेले इनाम पाउनेछ। १४ बुद्धिमान्को शिक्षा जीवनको फोहरा हो, जसद्वारा मानिस मृत्युको पासोबाट उम्कन्छ। १५ असल समझदारीले निगाह प्राप्त गर्छ, तर बेईमानको मार्गचाहिँ कठिन हुन्छ। १६ प्रत्येक समझदार मानिस आफ्नो ज्ञानद्वारा काम गर्छ। तर मूर्खले आफ्नो मूर्खताको तमाशा देखाउँछ। १७ दुष्ट सन्देशवाहक दुःखमा पर्छ, तर विश्वसनीय दूतले चङ्गाइ लिएर आउँछ। १८ ताड़नालाई अवहेलना गर्नेमाथि दरिद्रता र लाज आइपर्छ। तर सुधार गर्दा ध्यान दिने व्यक्ति सम्मानित हुन्छ। १९ आफ्नो चाहना पूरा हुँदा प्राणलाई तृप्ति मिल्दछ, तर मूर्खहरू खराबीबाट फर्कन मन पराउँदैनन्। २० बुद्धिमान्सँग हिँड्ने बुद्धिमान् नै बन्छ, तर मूर्खहरूको सङ्गत गर्नेले नोक्सानी भोग्छ। २१ पापीहरूलाई दुर्भाग्यले लखेट्छ, तर धर्मीको इनाम नै समुन्नति हो। २२ असल मानिसले आफ्ना नाति-नातिनाहरूका निम्ति पैतृक-सम्पत्ति छोडिराख्छ, तर पापीहरूको धन धर्मीहरूका लागि थुपारिन्छ। २३ गरीब मानिसको खेतबारीले प्रशस्तै अन्न उब्जाउला, तर अन्यायले त्यो खोसेर लैजान्छ। २४ छड़ी नचलाउने बाबुले आफ्नो छोरालाई घृणा गर्छ, तर त्यसलाई प्रेम गर्ने बाबुले होशियारीसाथ त्यसलाई ताड़ना दिन्छ। २५ धर्मीले पेटभरि मस्तीसँग खान्छ, तर दुष्टको पेट भोकभोकै हुन्छ।"

बुद्धिमानीहरू दियो जस्तै सधैं जलिरहन्छ। तर दुष्ट मानिसहरूको दियो निभ्ने छ रे (हितोपदेश १३:९)। बुद्धिमानी मानिसले आफ्नो फलको स्वाद पाउँछ तर पापीले दुष्ट इनाम पाउँछ (पद २:२५)। बुद्धिमान मानिसहरूको भविष्य आफ्नो शेषपछि पनि हुन्छ किनभने तिनीहरूको छोराछोरीहरूको कारणले (२२)। तर दुष्टले धन त

कमाउँछ तर उसको सम्पत्ति नचिन्ने मानिसको निम्ति हुन्छ, धर्मीले पनि उसको सम्पत्ति उपभोग गर्न सक्नेछ (हितोपदेश १३ः२२)।

समग्ररूपमा भन्नुपर्दा परमेश्वरको नीतिमा चलेर उहाँमाथि विश्वास राखेर हिंड्ने जीवन जथाभावी, मूर्ख्याइँ र आज्ञा नमानी चल्ने जीवनभन्दा उत्तम हुन्छ।

अनन्त जीवनको प्रतिज्ञाको साथै ख्रीष्टमा विश्वास राखेर हिंड्दा तपाईंको दैनिक जीवनमा के मिठो स्वादको अनुभव गरिरहनुभएको छ?

## उपसंहारः

थप जानकारीः "ख्रीष्टलाई स्वीकार गर्छु मुखले भनेर चर्चमा नाम दर्ता गरेरमात्रै पुग्दैन।.... हामीले जे गर्छौं त्यसमा ख्रीष्टलाई प्रतिबिम्बित गराउन सकेनौं भने बाइबलका शिक्षाहरू जतिसुकै हामीलाई थाहा छ भनेर दावी गरेतापनि त्यसको केही अर्थ हुँदैन।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेशनस्, पृ. ३१२, ३१३बाट रूपान्तरित।

"सत्यसँग सहमत हुनु नै धर्मी हुनु हो भन्ने सबभन्दा ठूलो झुठो कुरा येशूको समयमा मानिसको दिमागमा खेलाइ राखेका थिए। सत्यज्ञान वा आत्मज्ञान थाहा पायो भने मुक्ति पाइहाल्छ भनेर कतिले भन्छन्। तर सतज्ञान वा आध्यात्मिक ज्ञान थाहा पाएर मात्र मुक्ति पाइदैन भन्ने कुरो सम्पूर्ण मानव इतिहासले बताउँछ।....विश्वको इतिहासको अन्धकार अध्यायहरू त्यस नृशंष अपराधहरूले भरिएका छन् जुन् पूर्वाग्रही र गलत बिचारले लादिएका इसाईहरूले गरेका थिए।...त्यही खालको खतरा आज पनि हामीहरूको माझमा छ। बाइबलका धेरै मूल दर्शन वा शिक्षाहरूमा विश्वास गऱ्यो भन्दैमा इसाई भएको दावी कतिले गर्दछन्, तर आफूले पाएका सतज्ञानलाई तिनीहरूको जीवन पद्धतिमा लागु गराएका हुँदैनन्। सत्यमा विश्वास गर्छु भनेर धेरै मानिसहरूले दावी त गर्छन्। तर तिनीहरूले पाएको सत्यले तिनीहरूलाई गम्भीर, दयालु, धिरजी बनाएनन् र स्वर्गको बारेमा सोच्ने बानी बसाल्न चाहेनन् भने त्यो सत्य तिनीहरूको निम्ति अभिशाप हुन्छ। अनि संसारको निम्ति कठित इसाईहरू श्राप बन्न पुग्छन्। येशूले सिकाउनुभएको धार्मिक वा उचित जीवनलाई आत्मसात् गर्ने मानिसले उसको हृदय र जीवनलाई

परमेश्वरको योजनाअनुसार ढालेर चलेको हुन्छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ३०९,३१०बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. हामीले गरेको निर्णयले अरूलाई चाहे असल वा खराब होस् कतिको प्रभाव पार्छ सोच्नुहोस्। यो जीवनको किन सत्य वा तितो सत्य हो? यो सत्य पहिला अदनको बगैंचामा मानिसको पतन भएको बेलामा देखाइएको थियो। आजसम्म पनि आदम र हव्वाले गरेको निर्णयको प्रभाव हामी प्रत्येकले भोगिरहेकाछौं। हामीले गरेको निर्णयले असल वा खराब कस्तो नतिजा ल्याउला भनेर हामी सोच्न प्रयास पनि गर्छौं होला। तर त्यो पनि जोखिमपूर्ण छ किनभने हामीहरूको निर्णयले कतिको प्रभाव पार्छ भन्ने कुरा प्रायजसो हामीलाई थाहा भएको हुँदैन वा याद भएको हुँदैन। त्यसैकारण जे ठीक छ त्यही निर्णय गर्नु किन जरुरी छ?

आ. धर्मी र मूर्खको बीचमा भएको भारी अन्तरलाई हितोपदेशले उघारेको छ। हितोपदेशमा लेखेका अर्तीहरूले के ठीक के बेठीक छ भनेर हामी सिक्छौं। यद्यपि हामीले को मूर्ख को बुद्धिमानी छ भनेर औंल्याउन किन होशियार हुनुपर्छ? तर फेरि त्यसैबखत धर्मी भनाउँदाहरू वा पक्का इसाई भनाउँदाहरू जस्ता मानिसहरूले हामीहरूलाई कतिपटक धोका दिएका छन्, त्यसलाई हामीले के भन्ने?